नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
सिन्धुपाल्चोक

☎ : ०११-६२०१०६
☎ : ०११-६२०१३३
फ्याक्स : ०११-६२००८४
Email: daochautara@gmail.com
daosindhupalchok@gmail.com

चौतारा

पत्र.संख्या ०७६/७७

# प्रेस विज्ञप्ति

विश्वव्यापी महामारीको रुपमा फैलिरहेको कोरोना भाइरस (COVID-19) को संभावित संक्रमण रोकथाम तथा नियन्त्रणका लागि यस जिल्लाभित्र उच्च सावधानी अपनाइ नेपाल सरकारको निर्णय र निर्देशन अनुरुप काम भैरहेको सबैमा विदितै छ । यसै सन्दर्भमा आज प्रमुख जिल्ला अधिकारी श्री उमेश कुमार ढकालज्यूको अध्यक्षतामा बसेको **District Covid-19 Crisis Management Center (DCCMC)** को बैठकले निम्नानुसारका निर्णयहरु गरेको व्यहोरा सर्वसाधारणका लागि यसै प्रेस विज्ञप्ती मार्फत जानकारी गराइएको छ ।

निर्णयहरु :

१. गोरख बक्स गण, चौताराको च.नं. १०८०९/अप्स/३०/०७६/७७/४४ को पत्रानुसार कोरोना भाईरस संक्रमणको रोकथाम नियन्त्रणका लागि खटिएका सकलदर्जाहरुलाई वस्ने व्यवस्थापन गर्न १०(दश) थान टेण्ट माग गरेकोले उक्त गणलाई १० (दश) थान, मेलम्ची नगरपालिकालाई ३(तीन) थान र चौतारा अस्पताललाई १ (एक) थान टेण्ट उपलब्ध गराउने ।

२. विद्यमान लकडाउनलाई मिति २०७७/०२/२० गतेसम्म थप गर्ने तथा सो अनुसार सूचना जारी गर्ने ।

३. मिति २०७७/०२/०४ गतेका दिन बाह्रविसे नगरपालिका वडा नं. ९ बस्ने वर्ष २९ को मृतक महिलाको स्थायी वसोवास रहेको स्थानमा निजका आफन्त र सम्पर्कमा आएका ५६ जना व्यक्तिहरुको स्वाव संकलन गरी परिक्षणको लागि राष्ट्रिय जनस्वास्थ्य प्रयोगशालामा पठाईएको र मिति २०७७/०२/०५ गते दिनको ३:३० बजेसम्म ५० जनाको स्वाव संकलन भईसकेको र स्वाव संकलन जारी रहेको ।

४. यस जिल्लावाट अध्ययन,रोजगारी वा अन्य विविध कारणले भारत लगायत विदेशमा रहेका व्यक्तिहरुको प्रत्येक स्थानीय तहका वडाहरुले विवरण संकलन गरी निम्नानुसारको फर्म्याटमा ३ (तीन) दिन भित्र DCCMC मा Soft Copy र Hard Copy दुवै माध्यमवाट उपलब्ध गराउन अनुरोध गर्ने ।

| सि.नं. | स्थानीय तहको नाम | वडा नं. | व्यक्तिको नाम | गएको देश | परिवारको सदस्यको सम्पर्क नं. |
|---|---|---|---|---|---|
| | | | | | |

५. यस जिल्लावाट २०७७ वैशाखदेखि त्रि.वि. शिक्षण अस्पतालमा उपचार गरी फर्किएका व्यक्तिहरुको विवरण प्रत्येक स्थानीय तहका वडाहरुले संकलन गरी DCCMC मा Soft Copy र Hard Copy दुवै माध्यमवाट उपलब्ध गराउन अनुरोध गर्ने र विवरण अनुसार स्वास्थ्य परिक्षण गराउने ।

६. नेपाल-भारतको सीमानामा अलपत्र परी उद्धार गरिएका यस जिल्लाका व्यक्तिहरुलाई यस जिल्लामा आएमा सम्बन्धित स्थानीय तहहरुले क्वारेन्टाईनमा अनिवार्य राख्न लगाउने ।

मितिः २०७७।०२।०५

..........................
सुनिता पहरी
प्रशासकीय अधिकृत